# “सपना बुन्दैः अनिता शर्माको सिलाई-कटाई यात्रा”

त्रिबेन्द्र कुमार
कथा लेखक



अनिता कुमारी शर्मा धनुषा जिल्लको गणेशमान चारनाथ नगरपालिका वडा नं. ११ (पुर्वारी टोल) मा बस्ने एक साधारण महिला हुन्। उनी सासु, ससुरा, श्रीमान्, देवर, आफु र बालबच्चा सहित जम्मा ७ जनाको परिवारमा बस्छिन्। वहाको श्रीमान र ससुरा डकरमीको काम गर्छन। अनिता पनि धेरै नेपाली महिलाहरू जस्तै आर्थिक रूपमा कमजोर परिवारबाट आएकी थिइन् र आत्मनिर्भर बन्ने तीव्र इच्छा राखिथिन्। आफ्नो परिवारलाई आर्थिक रुपमा सहायता गर्न ईच्छा रहेता पनि, त्यसै घरभित्रका काम गरि दिन भरि त्यतिकै घरमै बस्न बाध्य थिइन। उनका लागि जीवनमा परिवर्तनको अवसर तब आयो जब उनले कम्युनिटी एक्सन फोर रुरल डेभलपमेन्ट नेपाल (CARD Nepal) द्वारा आयोजित सिलाइ-कटाई सम्बन्धि सिपमुलक तालिमामा सहभागीहुने निर्णय गरिन्। उक्त सिपमुलक तालिम गणेशमान चारनाथ नगरपालिका, धनुषाका आर्थिक सहयोगमा, अनिता कुमारी शर्मा बसोवास गर्ने वडा नं. ११ मै २०७५ माघ १९ गते देखि लागातार ४५ दिन सम्मा संचालन भएको थियो। त्यो तालिममा उनीसँगै अन्य १९ जना प्रशिक्षार्थीहरूले पनि भाग लिएकि थिईन।



अनिताका लागि यो तालिम एक महत्वपूर्ण अनुभव बन्यो। उनले तालिमको दौरान सिलाइ मेशिनको प्रयोग, विभिन्न प्रकारका कपडाको कटिङ र सिलाइ, तथा मर्मत लगायतका अन्य धेरै नयाँ सिपहरू सिकिन् जसले उनलाई आत्मनिर्भर बन्ने र आर्थिक रूपमा सबल हुने बाटो देखायो। तालिम सफलतापूर्वक पूरा गरेपछि कार्ड नेपालकै पहलमा गणेशमान चारनाथ नगरपालिका वडा नं. ११, वाट उन्लाई सिलाई मेशिन अनुदान प्रदान गरिईयो। यसले उनको जीवनलाई नयाँ दिशा दियो। सुरुवातमा अनिताले आफ्ना घरपरिवारका कपडा सिउने तथा मरम्मत गर्ने काम गरिन्। यसले उनको सिपमा आत्मविश्वास बढायो। जस्ले गर्दा अनिता केवल आफ्ना परिवारको अनिता प्रगतिमा महत्वपूर्ण कदम बन्यो।



सिलाइ मेशिनको प्रयोग गरेर उनले नियमित आम्दानी गर्न थालिन्। हाल अनिताको भनाई अनुसार मासिक ६ देखि ८ हजार आय आर्जन गिररहेकि छिन । यसले उनको आर्थिक अवस्थामा सुधार ल्यायो। सिलाइ-कटाइका सिपलाई आम्दानीको स्रोत बनाएर उनले आफ्नो आर्थिक अवस्था सुधार गरेकी छन्। अहिले उनी आर्थिक रूपमा सबल भएकी छन् र परिवारलाई पनि सहयोग गर्न सक्ने भएकी छिन। त्यहि आम्दनीबाट अहिले आफ्ना बालबच्चाहरुलाई ईस्कुल पढाई रहेकि छिन। अनिताले आफ्नो सिपलाई समुदायमा पनि बाँड्दै आर्थिक सहयोग गरिरहेकी छन।

अनिता कुमारी शर्माको सफलता अन्य समुदायका सदस्यहरूका लागि प्रेरणादायक बनेकोछ। उनले प्रमाणित गरिन् कि सीपमूलक तालिमले केवल व्यक्तिगत विकास मात्र होइन, समग्र समुदायको आर्थिक तथा सामाजिक उन्नतिमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ। अनिताको यो यात्रा एक उदाहरण हो कि कसरी दृढ संकल्प, मेहनत र उचित प्रशिक्षणले एक साधारण व्यक्तिलाई असाधारण सफलता प्राप्त गर्न सक्षम बनाउँछ। अनिता कुमारी शर्माको सफलता हेरे र उक्त तालिमा लिएकी अन्जना कुमारी महरा, नितु महरा, रितु महरा लगायतका प्रशिक्षारर्थिहरु ले पनी सिला-कटाई ब्यवसायको माध्यमवाट अय आर्जन रहेका छन।